# सरकार र सम्बन्धित पक्षलाई जबाफदेही बनाउन मानवअधिकार महाभेला हुँदै

सौर्य समाचार

ललितपुर । मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई स्थानीयकरण गरी नागरिक समाजका तर्फबाट सरकार र सम्बन्धित पक्षलाई जवाफदेही बनाउने उद्देश्यले '१७औं राष्ट्रिय मानवअधिकार महाभेला, २०८२' आयोजना हुनेभएको छ । मानवअधिकार महाभेलाको संयोजन गरिरहेको संस्था मानव अधिकारका लागि महिला एकल महिला समूहले आइतबार ललितपुरमा आयोजना गरेको पत्रकार सम्मेलनमा सोमबारदेखि २८ गतेसम्म महाभेला सञ्चालन हुने जानकारी दिइएको हो ।

एकल महिला समूहकी अध्यक्ष एवं महाभेला संयोजक शोभा बिसीले १२५ वटा मानव अधिकारवादी संस्थाको सहभागितामा हुने महाभेलाका अवसरमा लोकतन्त्र, मानवअधिकार, कानुनी शासनलगायतका विषयमा छलफल हुने जानकारी दिइन् । उनले नेपालमा अझै पनि मानव अधिकारको अवस्था सन्तोषजनक नरहेको भन्दै मेलामार्फत मानवाधिकार संरक्षणका सवालमा सबैको ध्यानाकर्षण गराइने बताइन् । अध्यक्ष बिसीले भनिन्, 'विभिन्न राजनीतिक दल, आन्दोलनमा होमिएका युवा र अन्य समूहबीच अझै असमझदारीको अवस्था छ, यस्तो संक्रमणकालीन अवस्थामा मानव अधिकार उल्लंघन बढ्ने देखिन्छ । नेपाल मानवअधिकारको पक्षराष्ट्र भएको हुँदा अन्तर्राष्ट्रिय समुदायमा गरेका प्रतिबद्धताको कार्यान्वयनसँगै संक्रमणकालीन न्याय प्रक्रियालाई टुंगोमा पुर्‍याई सबैको मानवअधिकारलाई सुनिश्चित गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ ।'

पत्रकार सम्मेलनमा राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारीप्रसाद खरेलले सप्ताहव्यापी महाभेलामा 'जेनजी' पुस्तासहित सरोकार भएकाहरूबीच



बृहत् छलफल हुने बताए । 'नागरिक समाजसँग मिलेर मानवअधिकार आयोगले उदाहरणीय काम गरेको छ, विश्वमा अरू देशमा यस्तो अभ्यास र परम्परा विरलै पाइन्छ,' उनले भने, 'समन्वय र सहकार्यका आधारमा मानवअधिकारका क्षेत्रमा भएका काम संसारले नेपालबाट सिक्नुपर्छ, आयोगले गरेको काम र महाभेलाको आवाज बुलन्द हुँदा सरकार पनि मानवअधिकारप्रति सचेत भएको छ, यसका लागि निरन्तर खबरदारी आवश्यक छ । यसपटक पनि सबैलाई एकैथलोमा राखेर मानव अधिकारका सवालमा गम्भीर विमर्श हुनेछ ।' सचिव खरेलले मानवअधिकार आयोगका सिफारिस कार्यान्वयन नहुँदा दण्डहीनता बढेको सन्दर्भमा महाभेलामा छलफल हुने, दबाब र बलप्रयोगबाट नभई शान्तिपूर्ण आन्दोलनमार्फत परिवर्तन गर्न सकिने ठाउँ रहेकाले सहभागीलाई अहिंसात्मक आन्दोलनबारे प्रशिक्षणसमेत दिइने बताए ।मानवअधिकारकर्मी चरण प्रसाईंले नीतिनिर्माण तहमा युवालाई पुर्‍याउन र जबाफदेही मनाउन पनि भेला महत्त्वपूर्ण हुने बताए ।

# प्रतिनिधिसभा निर्वाचनमा ११४ दल सहभागी हुने, १०२ दल एक्लै प्रतिस्पर्धामा

सौर्य समाचार

काठमाडौँ । आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा ११४ राजनीतिक दल सहभागी हुने भएका छन् । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आयोगले प्राप्त १२० निवेदनमध्ये ११४ दलको निवेदन स्वीकृत गरेको हो । १०२ राजनीतिक दल आगामी प्रतिनिधिसभा निर्वाचनमा एक्लै आफ्नै चुनाव चिन्ह प्रयोग गरी प्रतिस्पर्धा गर्ने आयोगले जनाएको छ ।

यस्तै १२ राजनीतिक दल भने आपसमा समूह बनाएर एकल चिन्ह प्रयोग गर्दै संघीय निर्वाचनमा उत्रनेछन् । यी १२ दलले विभिन्न संयोजनमा ५ वटा फरक-फरक चुनाव चिन्ह प्रयोग गर्ने स्वीकृति पाएको आयोगले जनाएको छ । भट्टराईका अनुसार सुरुमा १२० दलले प्रत्यक्ष वा समानुपातिक प्रणालीबाट निर्वाचनमा सहभागी हुन चाहेर निवेदन दिएका थिए । अध्ययनपछि ११४ दललाई मात्रै प्रतिस्पर्धामा सहभागी हुन अनुमति दिइएको हो । उनले भने, '१०२ दल आफ्नै चिन्ह लिएर निर्वाचनमा जानेछन् भने बाँकी १२ दल विभिन्न समूह बनाएर संयुक्त चिन्हमा निर्वाचन लड्नेछन् । यसका आधारमा आगामी चुनावमा ११४ दल १०७ वटा चुनाव चिन्हमार्फत प्रतिस्पर्धा गर्नेछन् ।'

आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फको कार्यक्रम आइतबारदेखि सुरु गरिसकेको छ । समानुपातिक प्रणालीबाट चुनाव लड्न चाहने दलले मंगलबारसम्म निवेदन दिनुपर्नेछ । प्राप्त निवेदनको अध्ययन र छानबिन गरी मंसिर २६ गतेसम्म स्वीकृति दिने आयोगले जनाएको छ । समानुपातिक तर्फका उम्मेदवारहरूको बन्द सूची पुस १३ र १४ गते पेस गर्नुपर्नेछ । बन्द सूचीमा ५० प्रतिशत महिला अनिवार्य राख्नुपर्ने व्यवस्था आयोगले पुनः स्पष्ट पारेको छ ।

# पिसिएल नर्सिङलाई निरन्तरता दिने सरकारको तयारी

## अध्यादेशमार्फत एउटा बुँदा थपेर भए पनि पढाइ सुरु गर्ने योजना छ : मन्त्री शर्मा

सौर्य समाचार




काठमाडौँ । पिसिएल नर्सिङलाई निरन्तरता दिने सरकारले तयारी गरेको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री डा.सुधा शर्मा गौतमले सरकारले एसइई परीक्षापछिको नर्सिङ पढाइ (पिसिएल) लाई निरन्तरता दिने तयारी गरेको जानकारी दिएकी हुन् । भरतपुर अस्पतालको ट्रमा सेन्टर तथा कम्पाउन्डिङ फार्मेसीको आइतबार उद्घाटनपछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले अहिले अस्पतालमा आवश्यक स्टाफ नर्सको संख्या कम भएकाले पिसिएल नर्सिङ कार्यक्रम सञ्चालन गर्नेगरी तयारी थालिएको बताइन् । अध्यादेशमार्फत एउटा बुँदा थपेर भए पनि पढाइ सुरु गर्ने योजनामा सरकार र मन्त्रालय रहेको उनले उल्लेख गरिन् ।

अहिले मन्त्रालयले विषयगत रूपमा सात वटा विषयमा सुधार गर्नेगरी काम गरेको उनले बताइन् । मन्त्री शर्माले भनिन्, 'ठुला मेडिकल कलेज र आफ्नै अस्पताल भएका कलेजहरूलाई एसइई पछिको नर्सिङ पढाइको अनुमति दिनेगरी काम गरिरहेका छौँ । अध्यादेशमार्फत एउटा बुँदा थपेर भए पनि पढाइ सुरु गर्ने योजनामा सरकार र मन्त्रालय रहेको छ । अहिले मन्त्रालयले विषयगत रूपमा ७ वटा विषयमा सुधार गर्नेगरी काम गरेको हो ।'

मन्त्री शर्माले सेवातर्फ मानसिक स्वास्थ्य, श्रमिक स्वास्थ्य, महिला स्वास्थ्य र बालबालिका स्वास्थ्यमा केन्द्रित गरिएको जानकारी दिइन् । सुधारका क्षेत्रमा स्वास्थ्य बिमा सुधार, औषधिमा गुणस्तरीयता र खरिद प्रक्रियालाई सहजीकरण गर्दै भ्रष्टाचारमुक्त बनाउने गरी काम भइरहेको उनले बताइन् । मन्त्री शर्माले भनिन्, 'हामीले प्रतिवेदन तयार पारी कार्ययोजना बनाइरहेका छौँ । शीघ्र यसको नतिजा आउने छ ।' उनले आफ्नो सरकारी जागिरको सुरुआती अस्पताल भरतपुर अस्पतालमा भएको स्मरण गर्दै यहाँको प्रगतिले आफू सन्तुष्ट रहेकोसमेत बताइन् ।

सो अवसरमा बागमती प्रदेशका पूर्वस्वास्थ्यमन्त्री एवं प्रदेशसभा सदस्य उत्तम जोशीले स्वास्थ्य क्षेत्रको सुधारका लागि नीतिगत सुधार गर्दै अघि बढ्नुपर्ने आवश्यकता औँल्याए । उनले भने, 'सरकारी अस्पताल सुधार गर्नुछ भने नीतिगत रूपमा नै सुधार गर्न आवश्यक छ ।' भरतपुर अस्पताल विकास समितिका अध्यक्ष राजु पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट प्राडा कृष्णप्रसाद पौडेलले अस्पतालमा भएका सुविधा र अस्पतालको समस्याका बारेमा जानकारी दिएका थिए । ट्रमासेन्टर निर्माणका लागि ११ करोड रुपैयाँ खर्च भएको जनाउँदै समितिका अध्यक्ष पौडेलले उपकरणका लागि २ करोड ५० लाख रुपैयाँ खर्च भएको उल्लेख गरे । उनका अनुसार सेन्टर अहिले १५ शय्याबाट सुरु गरिएको छ भने आगामी दिनमा ५० शय्या पुर्‍याउने लक्ष्य राखिएको छ ।

## एसइईमा अब १४ वर्ष उमेर पुगेकालाई मात्र सहभागी गराइने

राष्ट्रिय परीक्षा बोर्डले आगामी वर्षदेखि १४ वर्ष उमेर पूरा भएका विद्यार्थीले मात्र एसइई परीक्षामा सहभागी हुन पाउने व्यवस्था कडाइका साथ लागू गर्ने भएको छ । बोर्डले देशभरका विद्यालयलाई १४ वर्ष उमेर नपुगेका विद्यार्थीलाई परीक्षा फाराम भर्न नदिन निर्देशन दिएको हो । उमेर कम भएकाले परीक्षाबाट बाहिरिन नपरोस् भन्ने उद्देश्यले जन्ममितिमा आवश्यक परे संशोधन गर्न सकिने व्यवस्था गरिएको बोर्डका सदस्य-सचिव जंगबहादुर अर्यालले बताए ।

कक्षा १ मा भर्ना हुँदा प्रयोग भएका प्रमाणित कागजात स्थानीय पञ्जिकाधिकारीलाई उपलब्ध गराई जन्मदर्ता सच्याउन विद्यालयले सहयोग गर्नुपर्ने बोर्डले जनाएको छ । बोर्डका अनुसार नाम, थर, जन्ममिति सच्याइएका विद्यार्थीका अभिलेख इएमइएस प्रणालीमा कक्षा १ देखि ७ सम्म विद्यालयबाट नै र कक्षा ८ का विवरण सम्बन्धित स्थानीय तहबाट संशोधन गर्न सकिने व्यवस्था शिक्षा तथा मानवस्रोत विकास केन्द्रसँगको सहमतिमा तयार गरिएको हो ।

२०८२ को एसइईका लागि परीक्षा फाराम दर्ता तथा २०८३ सालका लागि कक्षा ९ को रजिस्ट्रेसन फाराम दर्ता भइरहेको जनाउँदै बोर्डले शिक्षा नियमावलीअनुसार कक्षा १ मा ५ वर्ष उमेर पूरा भएकालाई मात्रै भर्ना गर्नुपर्ने र एसइई हुने वर्षको चैत मसान्तसम्म १४ वर्ष उमेर पूरा भएको हुनुपर्ने प्रावधान दोहोर्‍याएको छ । शिक्षा मन्त्रालयले २०७८ मा उमेरहद हटाउने निर्णय गरे पनि बोर्डले २०८० देखि पुनः १४ वर्षे प्रावधान लागू गरेपछि उमेरसम्बन्धी विवाद बढ्न थालेका छन् ।



## Shailyashikhar Municipality
### Office of Municipal Executive
Gokuleshwor , Darchula

### Invitation for Bids

**Invitation for Bids No: SM/NCB/W/1/2082/83**
**Date of publication: 2025-12-08**

1. Shailyashikhar Municipality, Darchula has allocated funds towards the cost of **Construction of Shree Gokuleshwor Secondary School Building Shailyashikhar Municipality – 9, Darchula** and intends to apply part of the funds to cover eligible payments under the Contract for **Construction of Shree Gokuleshwor Secondary Building School Shailyashikhar Municipality – 9, Darchula , Contract Id : SM/NCB/W/1/2082/83**. Bidding is open to all eligible as per Section V of bidding document.
2. Shailyashikhar Municipality, Darchula invites sealed bids or electronic bids from eligible bidders for the **Construction of Shree Gokuleshwor Secondary School Building Shailyashikhar Municipality – 9, Darchula** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - ***Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs: 111.1 million***
   - ***Minimum Work experience of similar size and nature: One Building Project of Value: Nrs. 88.9 million***
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing
(i) the Technical Bid and the other
(ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Shailyashikhar Municipality, Darchula , mail address : shailyashikhar.gov@gmail.com telephone: 093-400086** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. A complete set of Bidding Documents may be purchased from the office **Shailyashikhar Municipality, Darchula** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Nrs. 10,000 till 2026-01-06 during office hours.
Or
should deposit the cost of bidding document in the account as specified below.Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank: Nepal investment Mega Bank Ltd.**
**Name of Office: Shailyashikhar Municipality, Darchula**
**Office Code no.: 801077301**
**Account no.: 29701400000079**
**Rajaswa (revenue) Shirshak no.: 14229**
6. Pre-bid meeting shall be held at Shailyashikhar Municipality, Darchula at 13:00 on 2025-12-28.
7. Sealed or electronic bids must be submitted to the office Shailyashikhar Municipality, Darchula through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 10:00 AM on 2026-01-07. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2026-01-07, 11:00 AM at the office of Shailyashikhar Municipality, Darchula. Bids must be valid for a period of 120 days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of Nrs. 4.2 million, which shall be valid for 30 days beyond the validity period of the bid
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## नमोबुद्ध नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/०८/२२**

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८२/०६/३१ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | वोलपत्र नं. | कामको विवरण | दरभाउपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | NMUN/NCB/WORK/03/082/083 | 20 Kilo Dahalchaur Sadak Staronnati Karya | Durpana/S and M J.V., Kathamandu | 2,03,97,298.09 |
| २ | NMUN/NCB/WORK/04/082/083 | Upgrading Of Naubise Pujaritapu, Saunedada Ward Karyalya Sadak | Mahabir-Bumidada-Sagarmatha J.V., Namobuddha-9 Kavre | 1,47,38,354.64 |

**प्रमुख प्रशासकीय अधिकृत**

## Nepal Electricity Authority
### Invitation for Electronic Bids
**(Date of publication 8th December, 2025 (22/08/2082)**

| Name of Office | Tender No./Types of Bidding | Description of Works/Jobs |
|---|---|---|
| Janakpur Distribution Centre (Tel No : 041-590496) | NEA/JDC/2082/083-SQ-02 | Supply and Delivery of Electrical Line Materials and Safety Tools |
| Gulmi Distribution Centre (Tel No : 079-520751) | NEA-GDC-2082/083-SQ03 | Reinforcement of LT Line at Resunga Municipality 5, 9, 10 (Estimated Amount with VAT Rs 8,68,299.39) |
| | NEA-GDC-2082/083-SQ04 | Supply and Delivery of Line Materials and Tools |
| Bhairahawa Distribution Center (Tel No: 071-570654) | NEA/BHW/2082/83-SQ-06 | LT Line extension and Phase addition work at different place of Bhairahawa DCS. (Estimated Amount with VAT Rs 8,69,381.77) |
| | NEA/BHW/2082/83-SQ-07 | LT Line maintenance, Pole Addition & Rehabilitation work at different place of Bhairahawa DCS (Estimated Amount with VAT Rs 10,48,931.88) |
| Dhalkebar Grid Division, Dhanusha (Tel No. 041-560229) | DGD-2082/083-11 (SQ) | 33 kV Line Undergrounding Works at 132/33/11 kV Dhalkebar Substation. |
| | DGD-2082/083-12 (ST) | Dismantalling and Re-installation of 33 kV CRP at 132/33/11 kV Dhalkebar Substation. |
| Concrete Pole Plant Lamki (Tel. No : 091-590038) | NEA-CPPL-2082/83-ST-04 | Supply and Delivery of Microsilica and Superplasticizer Admixture as Per Technical Specification at Plant Site, Lamki, Kailali |
| Lapsifedi Changunarayan SS, Changunarayan | PMD/LCSCP/SQ/Works/2082/83-01 | Construction of Boundary wall and other Misc. Civil Works at Teku substation |
| Kulekhani II Hydropower Station, Nibuwatar (Tel No. 057-419472) | KLII-2082/083-CST-01 | Civil Repair and Maintenance Work at Mandu & Rapti Intake of Kulekhani Second Hydropower Station |
| | KLII-2082/083-EM/ST-02 | Supply, Delivery, Installation, Testing And Commissioning Of Mechanical Spare Parts |
| Butwal Grid Division, Butwal (Tel No : 071-437302/437003) | RE/SQ/BGD/2082/083-04 | Tower Protection Works at T.No.58 of Motipur-Sandhikharka and T.No.73 of Butwal-Kaligandaki 132 kV TL Sector |

Please visit official website of PPMO **(www.bolpatra.gov.np/egp)** for more details